## विदेशी विनिमय व्यवस्थापन

११०. नेपालमा कार्य गर्ने अन्तर्राष्ट्रिय वायुसेवा, त्यस्ता वायुसेवाका जि.एस.ए./पि.एस.ए, तथा ट्राभल टुर एजेन्सीहरुले विदेशी मुद्रामा बिक्री गरेको हवाई टिकटको मूल्य सम्बन्धित वायुसेवालाई भुक्तानी गर्दा यस बैंकबाट रिप्याट्रिएशन (Repatriation) को स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा अबदेखि यस्तो भुक्तानीको लागि यस बैंकले तोकेको विवरणको आधारमा "क" वर्गका बैकहरुबाट रिप्याट्रिएशन (Repatriation) को सुविधा उपलव्ध हुने व्यवस्था गरिने छ । यसबाट रिप्याट्रिएशन (Repatriation) कार्य छिटो हुन गई कार्य सहज हुने बिश्वास लिइएको छ ।

१११. कुटनैतिक नियोग वा अन्तर्राष्ट्रिय एजेन्सी तथा संघ संस्थाको आपूर्ति आदेश (Supply Order) र द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोगअन्तर्गत परिवर्त्य विदेशी मुद्रामै भुक्तानी पाउने भएमा सम्झौताअनुसार आवश्यक पर्ने निर्माण सामग्री, मेशिन तथा उपकरणहरु भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्न एफ.ओ.बी. (FOB) मूल्यको सटही सुविधा यस बैंकमार्फत उपलव्ध गराउने व्यवस्था गरिने छ । यसबाट सम्बन्धित पक्ष लाभान्वित हुने बिश्वास लिइएको छ ।

११२. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट/टि.टि. का माध्यमबाट सामान आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३०,०००।- बराबरसम्मको रकम अग्रिम भुक्तानी पठाउन सकिने विद्यमान सीमा व्यवस्थालाई बढाई अमेरिकी डलर ५०,०००।- बराबर पुऱ्याइने छ । यसबाट आयातकर्ताहरु लाभान्वित हुने विश्वास लिइएको छ ।

११३. यस बैंकवाट इजाजत प्राप्त रेमिट्यान्स कम्पनीहरुको प्रयासबाट हालका वर्षहरुमा उल्लेख्य परिमाणमा रेमिट्यान्स भित्रने क्रम बढ्दै गएको र त्यस्ता कम्पनीहरुले यस बैंकबाट हुने बजार हस्तक्षेपमा सहभागी हुन अनुरोध भइआएको सन्दर्भमा यस बैंकबाट इजाजत प्राप्त रेमिट्यान्स कम्पनीहरु तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाहरुलाई समेत यस बैंकवाट हुने परिवर्त्य विदेशी मुद्राको बजार हस्तक्षेपमा सहभागी गराउन नीतिगत व्यवस्था मिलाइने छ ।

११४. रेमिट्यान्स कम्पनीहरूले रेमिट्यान्सबापत भित्र्याएको परिवर्त्य विदेशी मुद्रा सात दिनसम्म आफ्नै खातामा राख्न सक्ने व्यवस्थालाई बढाई १५ दिन कायम गरिने छ । यसबाट रेमिट्यान्स भित्र्याउने कार्यमा संलग्न कम्पनीहरू प्रोत्साहित हुने विश्वास लिइएको छ ।

११५. विभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/संस्थाहरु र बैक तथा वित्तीय संस्थाहरुलाई अमेरिकी डलर २,५००।- सम्मको सटही सुविधा आवश्यक कागजातका आधारमा सोझै "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाहरुवाट प्राप्त गर्न सकिने व्यवस्था रहेकोमा यस्तो सटही सुविधाको सीमा वृद्धि गरी अमेरिकी डलर ४,०००।- सम्म पुऱ्याइनेछ । यसबाट सेवाग्राहीलाई सुविधा हुने विश्वास लिइएको छ ।

११६. प्रतितपत्रलगायत विभिन्न माध्यमबाट विदेशी पक्षलाई अग्रीम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी पठाउँदा राख्ने गरिएको १० प्रतिशत धरौटी रकम यस बैंकको स्वीकृतिबाट मात्र फुकुवा गर्न

पाइने व्यवस्था रहेकोमा अबदेखि काम सम्पन्न भएको प्रमाणको आधारमा सम्बन्धित "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाबाटै यस्तो धरौटी रकम फुकुवा गर्न सकिने व्यवस्था गरिने छ। यसबाट धरौटी फुकुवा गर्दा लाग्ने समयको बचत भई "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्था एवं व्यवसायीहरु लाभान्वित हुने अपेक्षा गरिएको छ।

११७. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट आयात गर्न सकिने वस्तुहरुको सूची हाल १२४ पुगेको छ। यस्ता वस्तुहरुको सूची थप गर्दै जाने साविकको नीतिलाई यथावत् राखिएको छ।

११८. नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (Power Purchase Agreement) गरी विदेशी मुद्रामा विद्युत् बिक्री गर्ने, जलविद्युत् कम्पनी/आयोजनाहरूले विद्युत् बिक्रीबापतको सटही सुविधा यस बैंकवाट प्राप्त गर्ने व्यवस्था रहेकोमा अबदेखि विद्युत् खरिद सम्झौता र नेपाल विद्युत प्राधिकरणको सिफारिशको आधारमा "क" वर्गका बैंकहरूबाट यस्तो सटही सुविधा उपलव्ध हुने व्यवस्था गरिनेछ। यसबाट जलविद्युत् कम्पनी/आयोजनालाई सटही सुविधा प्राप्त गर्न सहज हुनेछ।

११९. नेपालस्थित विदेशी दुतावासहरुले भिषा दस्तुरबापत सङ्कलन गरेको नेपाली रुपैयाँ आफ्नो राष्ट्रमा पठाउनु पर्दा यस बैंकबाट सटही सुविधा प्रदान गर्ने गरिएकोमा अबदेखि सम्बन्धित दुतावासको अनुरोधमा यस्तो सटही सुविधा "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थामार्फत् उपलव्ध हुने व्यवस्था गरिनेछ।